मिति: २०७८/११/२४

# संयुक्त प्रेस विज्ञप्ति

सरोकारवालाहरुसँग कुनै पनि छलफल नगरी अभिव्यक्तिको स्वतन्त्रताको अधिकार, प्रसारणको हक, खुला इन्टरनेट सिद्धान्त, ऐनको सर्वोच्चता तथा बोधगम्य कानुनका आधारभूत मान्यतालाई अवमुल्यन गर्नेगरी, अस्पष्ट र बहुअर्थी प्रावधानहरु सहित राष्ट्रिय प्रसारण नियमावली, २०५२ लाई संशोधन गर्न आएको राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८ ले सरोकारवालाहरूको गम्भीर ध्यानाकर्षण भएको छ ।

कानुन तर्जुमा गर्दा कानुनको वैधानिकताको विषय मुख्य भई आउछ, संविधानको प्रावधान अन्तर्गत ऐन र ऐनको व्यवस्था अनुसारको नियमावली बन्ने हो, ऐनले कानुनी सिद्धान्त, सारवान कानुनको व्यवस्था निर्धारण गर्दछ, जसमा मुख्य ऐनले निधारण गरेको कानुनी प्रावधानको अधीनमा रही कार्यविधिगत व्यवस्था नियमावलीले गर्दछ । राष्ट्रिय प्रसारण ऐन, २०४९ ले परिकल्पना समेत नगरेको विषय र सिद्धान्तहरुमा ऐनको दफा ५ को 'अन्य सञ्चार माध्यम' लाई टेकेर विभिन्न नयाँ विषय थप गरी नियमावलीको संशोधनमार्फत इन्टरनेट मध्यमबाट हुने प्रसारणलाई नियमन तथा नियन्त्रण गर्नुले नियमावलीको वैधतामा नै गम्भीर प्रश्न उठेको छ ।

कानुनी परिभाषा स्पष्ट र सटिक हुन पर्नेमा नियमावलीमा 'मल्टिप्वाईन्ट डिस्ट्रिव्यूशन सिस्टम', 'ओभर द टप' (ओ. टि. टि.) 'भिडियो अन डिमाण्ड' र 'अनलाईन टेलिभिजन' जस्तो शब्दावलीहरुको परिभाषा अस्पष्ट र अन्योलपूर्ण छन्, जसले भविष्यमा झन अस्पष्टता र अन्योलता निम्त्याउने छ । अनलाईन टेलिभिजनको परिभाषाले अभिव्यक्ति स्वतन्त्रताको लागि महत्वपूर्ण भूमिका खेल्ने  सामाजिक संजाल (प्लेटफर्म) समेत बाँधिने देखिन्छ । त्यसैले यो संशोधन अभिव्यक्ति स्वतन्त्रता र इन्टरनेटको खुल्ला पहुँचलाई सीमित तथा संकुचित पर्ने हतियारको रुपमा प्रयोग भई नागरिकको संवैधानिक र कानुनी अधिकारमा आघात पुऱ्याउने देखिन्छ । त्यस्तै, यस संशोधनको उद्देश्य राजश्व संकलन वा प्रसारण हुने सामाग्री नियमन वा इन्टरनेटमा प्रसारण हुने प्लेटफर्म सूचीकरण गर्ने हो स्पष्ट छैन । इजाजत पत्र र पूर्व स्वीकृतिको लागि राखिएको शूल्क व्यावहारिक र न्यायोचित देखिदैँन ।

नियमावलीले व्यवस्था गरेको  ओ. टि. टि. प्रसारण हुने सामाग्रीको उमेरको आधारमा वर्गीकरण गर्नु पर्ने व्यवस्था तथा स्वनियमन पद्धतिको प्रस्ताव तारिफयोग्य भएता पनि यी प्रवधानहरु पूर्ण नभएकाले थप व्याख्याको आवश्यकता रहेको देखिन्छ ।

अस्पष्ट र समस्यामूलक  प्रावधानहरु रहेको यस राष्ट्रिय प्रसारण (एघारौँ संशोधन) नियमावली, २०७८ को कार्यान्वयनलाई तत्काल रोकी सरोकारवालाहरुसँग आवश्यक समन्वय र परामर्श गरी समस्यामूलक प्रावधानहरुको संशोधन वा खारेजी पश्चात् मात्र कार्यन्वयन गर्न सरकारको ध्यानाकर्षण गराउन चाहान्छौं । यसैगरी नियमावली संशोधनबाट नागरिकको अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउन खोज्ने वर्तमान सरकारको यस कदमले संबैधानिक मर्ममा प्रहार एवम् राजनीतिक नैतिकता र उत्तरदायित्वका सम्बन्धमा गम्भीर प्रश्न खडा भएको हामी ठान्दछौं ।

तारानाथ दाहाल
प्रमुख कार्यकारी
फ्रिडम फोरम

अधिवक्ता सन्तोष सिग्देल
अध्यक्ष
डिजिटल राइट्स नेपाल